खण्डः ३ संख्या : २ मितिः २०७६।०३।०५

**भागः २**

# साना सिंचाइ अनुदान कार्यविधि -२०७६

## ज्वालामूखी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

**साँधभञ्ज्याङ, धादिङ**

**३ नं. प्रदेश, नेपाल**

# साना सिंचाइ अनुदान कार्यविधि -२०७६

## प्रकाशक

ज्वालामूखी गाउँपालिका
साँधभञ्ज्याङ, धादिङ
३ नं. प्रदेश, नेपाल
Email :info@jwalamukhimun.gov.np
Website:jwalamukhimun.gov.np

# साना सिंचाई अनुदान कार्यविधि-२०७६

<u>प्रमाणीकरण मिति</u>

<u>२०७६।०३।०५</u>

## १. प्रस्तावना

आय आर्जनको माध्यमबाट गरीवी निवारणमा टेवा पुऱ्याउने उद्देश्यले कृषकहरुको वास्तविक आवश्यकतामा आधारित, स्थानिय तहमा कार्यान्वयन हुन सक्ने सामूहिक उपभोग्य स-साना सतह सिंचाई प्रणाली संरचनाहरु, वर्षातको पानी जम्मा गर्ने प्लास्टिक पोखरीहरु, पानी तान्ने विभिन्न साधनहरु (जस्तै : ढिक्की पम्प, पम्पसेट, पवन पम्प, हाइड्रोलिक ऱ्याम, साइकल पम्प, पर्सियन व्हील, गियर पम्प, डुण, स्वीङ्गिङ्ग बास्केट आकासे ट्याङकी आदि) को वितरण तथा मर्मत सम्भारको साथै आधुनिक सिंचाई प्राणाली उपयोग प्रविधिहरु (जस्तै : सर्फेस, सव-सर्फेस, माइक्रो, स्प्रिङ्कलर आदि) को विकास, निर्माण, सञ्चालन एवं मर्मत सम्भार र प्राकृतिक वा अन्य कारणबाट क्षति भएको सिंचाई संरचनाहरुको तत्काल स्थायी वा अस्थायी मर्मत गरी कुलोमा पानी सञ्चालन गर्न स्कीममा अनुदान सहयोग दिई कृषक वर्गमा राहत पुऱ्याउने उदेश्यले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि साना सिंचाई विशेष कार्यक्रम कार्यान्वयन निर्देशिका २०७४ तथा साना सिंचाई विशेष कार्यक्रम कार्यान्वयन निर्देशिका २०७० लाई आधार स्रोत लिई ज्वालामूखी गाउँकार्यपालिकाको २०७६।०३।०५ गतेका १९ औं बैठकले ज्वालामूखी गाउँपालिकाको साना सिंचाई अनुदान कार्यबिधि २०७६ जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u> (क) यो कार्यविधिको नाम "ज्वालामूखी गाउँपालिकाको साना सिंचाई अनुदान कार्यविधि २०७६ रहेको छ ।

(ख) यो कार्यविधि गाउँकार्यपालिकावाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) **"साना सिंचाइ"** भन्नाले पहाडमा कम्तिमा ५० रोपनी जमिन सिंचाई हुने गरी गाउँपालिकाको तर्फबाट बढीमा रु. एक लाख पचास हजार सम्मको अनुदान सहयोग र उपभोक्ता समेतबाट लागत अनुमानको कम्तीमा २५ प्रतिशतको रकम जिन्सी वा श्रमदान वा दुवै थरीको योगदान गरि निर्माण गरिने स-साना अस्थायी बांध, पैनी, छेकवार, कुलोसुधार/संरक्षण, ह्यूम पाइप, पोलिथिन पाइप, पोखरी निर्माण, पम्प, ढिकी पम्प, ट्यांङ्की, इनार, थोपा सिंचाई, स्प्रिङ्कलर आदि र उक्त निर्माणको लागि आवश्यक सामग्री तथा दक्ष ज्यामीहरुको ज्याला समेत कार्यक्रम अन्तर्गत खर्च गर्न सक्ने गरी तयार गरिने स-साना सिंचाई स्किमलाई जनाउँदछ ।

ख) **"उपभोक्ता"** भन्नाले अनुदानमा साना सिंचाईका लागि अनुदान प्राप्त गर्ने कृषक समूह, कृषि सहकारी, कृषि उद्यमी संस्था समेतलाई सम्झनु पर्छ ।

ग) **"कार्यविधि"** भन्नाले साना सिंचाई अनुदान कार्यविधि २०७६ लाई सम्झनुपर्छ ।

घ) **"गाउँपालिका"** भन्नाले ज्वालामूखी गाउँपालिका सम्झनुपर्छ ।

ङ) **"विषयगत शाखा"** भन्नाले कृषि शाखा सम्झनुपर्छ ।

च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्नेछ ।

छ) **"समिति"** भन्नाले साना सिंचाई अनुदान वितरण समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## छनोट प्रकृया

**३.आयोजना छनौटका आधारहरू** : आयोजना छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् ।

१. कृषक समूहको लागि आयाजेना छनौट गर्ने सम्बन्धमा कृषि विकास शाखा अन्तर्गत वा अन्य निकायवाट गठन एवं दर्ता भई नियमित बैठक बस्नुका साथै समूह सञ्चालन पद्धति एवं प्रक्रियाहरु अनुसार सञ्चालन भैरहेका र कृषि विकासको लागि सकृय रुपले कृषि विकास शाखाको सम्पर्कमा रही कृयाशील रहेका कृषक समूहको लागि मात्र आयोजना छनौट गर्नु पर्नेछ ।

२. सतह सिंचाई तथा पोखरी निर्माण गर्ने समूहमा केन्द्रित रहेका ।

३.जनसहभागिताको आधारमा स्थानीय श्रोत साधनको अधिकतम परिचालन गर्न सक्षम उपभोक्ता समिति वा संस्था/कृषक समूहलाई केन्द्रित गरी कार्यक्रम सञ्चालन गर्ने उद्देश्य अनरुप सहभागी संस्थाले कूल लागतको न्यूनतम २५ प्रतिशत रकम नगद वा श्रमदान व्यहोर्न सक्ने ।

४. सामूहिक सिचांईका लागि जाली, पम्प आदि व्यवस्था गरी तत्कालिन सिंचाईको व्यवस्था गर्ने ।

५. दलित, सामाजिक रुपमा पिछडिएका तथा विपन्न वर्गको समूहलाई विशेष प्राथमीकता दिईनेछ ।

६. महिला कृषक समूहहरुको सहभागिता हुने गरी छनौट गर्नुपर्ने छ ।

७. आयमुलक कृषि व्यवसाय तर्फ उन्मुख स्थलहरुमा सिंचाई सुविधा पु¥याउनु पर्ने छ ।

८. व्यवसायिक कृषि उत्पादन कार्यमा टेवा पुग्ने गरी आयोजनाको छनौट गर्नुपर्ने छ ।

९. बाढी पहिरोले क्षति पु¥याएका चालु सिंचाई कुलोहरुमा स-साना दूरीमा ह्यूम पाइप वा पोलिथिन पाइप व्यवस्था गरी तत्काल सिंचाई समस्या समाधान गर्ने जस्ता सिचांई विकासका कार्यहरुलाई विषेश प्राथमीकता दिईनेछ ।

१०. सहकारी संस्था/उपभोक्ता समिति/कृषक समूहहरुबाट कार्यक्रमको लागि उचित माग आउनुका साथै तिनको कार्यान्वयनमा अनिवार्य सहभागिता हुनुपर्ने ।

११. प्रतिकूल वातावरणीय असर नपर्ने आयोजनाहरुलाई प्रोत्साहित गर्नुपर्ने छ ।

१२. सम्भव भएसम्म सिंचाई कार्यक्रम हेर्ने अन्य निकायहरुसंग समन्वय राखी दोहोरो नपर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

१३. छनौट भएका आयोजना सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्ने ।

## परिच्छेद-३
## काम कर्तव्य र अधिकार

**४. प्रमुख एवं संयोजकको दायित्व**

१. साना सिंचाई विशेष कार्यक्रमको लागि कृषि विकास शाखाको कृषि अधिकृत वा निज नभएको खण्डमा प्रमुख प्रशासकीय अधिकृतले कुनै कर्मचारीलाई संयोजक तोकी जिम्मेवारी दिन सक्नेछ ।

२. संयोजकले गाउँपालिकाको विषय विशेषज्ञ र कृषि विकास शाखाको सहयोगमा निरीक्षण, अनुगमन गर्नु पर्नेछ ।

३. संयोजकले प्रत्येक आयोजना सम्बन्धी भए गरेका कार्यहरुको संक्षिप्त अभिलेख राख्नु पर्नेछ ।

## परिच्छेद-४
## संचालन विधि

**५. कार्यक्रम सञ्चालन प्रक्रिया**

१. **सचूना प्रवाह गर्ने** - कृषि विकास शाखाले साना सिंचाई अनुदान कार्यक्रम सञ्चालन गर्दा अपनाउनुपर्ने आधारहरु तथा कार्यविधि वारे १५ दिने सूचना प्रशासन गरि सरोकारवालालाई जानकारी गराउनुपर्नेछ ।

२. **निवेदन माग गर्ने** - उपर्युक्त बमोजिम सञ्चालन हुने कुनै पनि सिंचाई आयोजना कार्यान्वयनको लागि सहकारी संस्था, उपभोक्ता समिति र कृषक समूहबाट समूह दर्ताको प्रमाण-पत्र सहित निवेदन सहित तोकिए बमोजिमका कागजात अनुसूची १ र २ वमोजिमको ढाँचामा कृषि विकास शाखामा पेश गर्नु पर्नेछ ।

३. **आयोजनाको लागत अनुमान** : र सम्वन्धित सहकारी संस्था, उपभोक्ता समिति र कृषक समूहबाट व्यहोर्ने प्रतिशत समेत आफ्नो निवेदनमा खुलाउनुपर्नेछ ।

४. **छनौट प्रक्रिया :** कृषि विकास शाखाले दफा ३ वमोजिम माग भई आएका निवेदनहरुको प्रारम्भिक अध्यान गर्नुपर्नेछ । यसरी अध्यान भएका निवेदन उपयूक्त भएमा नियमानुसार अनुदानको लागि समिति समक्ष पेश गर्नुपर्ने छ ।

५. यसरी अनुदान दिदा समितिले अनुदान प्राप्त गर्ने वर्गसँग अनुसूची ३ बमोजिमको ढाचामा संझौता गर्नु पर्नेछ ।

## परिच्छेद-५

## समिति गठन एवं काम कर्तव्य र अधिकार

**६. साना सिंचाई अनुदान वितरण समिति देहाय बमोजिम गठन हुनेछ :**

| | |
|---|---|
| १. उपाध्यक्ष, गाउँपालिका | - संयोजक |
| २. गाउँकार्यपालिकाले तोकेको वडा अध्यक्ष २ जना | - सदस्य |
| ३. गाउँकार्यपालिकाले तोकेको गाउँसभाको महिला सदस्य मध्येवाट १ जना | - सदस्य |
| ४. प्रमुख वा प्रतिनिधि कृषि विकास शाखा | - सदस्य सचिव |

७. **समितिको काम कर्तव्य र अधिकार** :उपदफा ६ बमोजिम गठित समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. कृषि विकास शाखावाट प्राप्त निवेदन छानविन गर्ने ।

२. छानविन भएका निवेदन उपर छलफल गर्ने ।

३. कृषक समूह, कृषि सहकारी, कृषि उद्यमीलाई पहिचान गरी अनुदान सिफारिश गर्ने ।

४. वितरण भएको अनुदान अनुरुप काम भए नभएको अनुगमन तथा मुल्याङ्कन गर्ने ।

५. अनुदान प्राप्त वर्गलाई समय समयमा आबश्यक निर्देशन दिने ।

## परिच्छेद-६

## अनुमानित खर्च

**८. लागत अनुमान**

१. लागत अनुमान तयार गर्दा आवश्यकता अनुसार लागत अंकको ३ प्रतिशत कन्टिन्जेन्सी राखिने छ जसमध्ये १.५ प्रतिशत सामग्रीको लागि र वाँकी १.५ प्रतिशत श्रम का लागि प्रयोग गर्न सकिने छ । यसरी लागत अनुमान वा खर्चको विवरण अनुसार कृषि विकास शाखाले सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूहसंग खर्च एवं सम्पन्न गर्ने कार्यको वाँडफाँड गरी अनुसूची ३ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ । साथै रकम खर्च गर्दा नेपाल सरकारको प्रचलित आर्थिक ऐन नियम अनुसार गर्नु पर्नेछ ।

२. संशाधन परिचालन तथा कार्यान्वयन : -कृषि विकास शाखाले सहकारी संस्था,उपभोक्ता समिति वा संस्था,कृषक समूहको सहभागितामा योजना तयार पार्नु पर्नेछ । आयोजना कार्यान्वयनमा सहकारी संस्था,उपभोक्ता समिति वा संस्था,कृषक समूह र कृषि विकास शाखाले आ-आफनो उत्तरदायित्व प्रष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

३.  सिंचाई ईन्जिनियरिङ्ग तालिम - रु. १,५०,०००।- सम्मका स्कीमको लागि इष्टिमेट तयार गर्न सक्ने गरी क्षमता विकास गर्न नेपाल सरकारबाट मान्यता प्राप्त तालिम संस्था (कृषि तालिम केन्द्र, CTEVT र अन्तर्गतका प्राविधिक शिक्षालय आदि) बाट कृषिमा कार्यरत कृषि प्राविधिकहरुलाई कृषि सिंचाई इन्जिनीयरिङ्ग विषयमा तालिम दिने ।
४. कार्य सञ्चालन - नेपाल सरकारको प्रचलित एने नियम वमोजिम कृषि विकास शाखाले अग्रसरता लिई सम्बन्धित सहकारी संस्था,उपभोक्ता समिति वा संस्था, कृषक समूहद्वारा पारदर्शिता अपनाई निर्माण कार्य गराउनु पर्नेछ । निर्माण सम्बन्धी प्रक्रियागत एवं व्यवस्थापकीय जिम्मेवारी कृषि विकास शाखाको रहनेछ ।

## परिच्छेद-७
## प्रगति प्रतिवेदन

**९. प्रगति प्रतिवेदन : प्रगति प्रतिवेदन तथा कार्य प्रगतिको मूल्यांकन देहाय वमोजिमको प्रतिशतमा समायोजन गरी प्रस्तुत गर्नु पर्नेछ -**

१. यस कार्यविधि वमोजिम भए गरेको संपूर्ण कार्यको वार्षिक प्रगति प्रतिवेदन कृषि शाखाले प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

२. प्रमुख प्रशासकीय अधिकृतले उक्त प्रतिवेदन समिति समक्ष पेश गर्नुपर्नेछ ।

३. समितिले उक्त प्रतिवेदन गाउँपालिका हुदै गाउँ सभामा समेत पेश गर्नुपर्नेछ ।

## परिच्छेद-९
## विविध

**१०. कार्य तालिका** : कृषि विकास शाखाले साना सिंचाई विशेष कार्यक्रम अन्तर्गतका आयोजनाको कार्यान्वयनको लागि एक कार्य तालिका निर्माण गरी यथासमयमा सम्पन्न गर्नु पर्नेछ ।

**११. मर्मत सम्भार** - आयोजना सम्पन्न भई हस्तान्तरण भैसकेपछि सोको मर्मत,सम्भार गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित सहकारी संस्था,उपभोक्ता समिति वा संस्थाः र कृषक समूहको हुनेछ ।

**१२. अनुगमन सुपरिवेक्षण** - साना सिंचाई विशेष कार्यक्रमको अनुगमन तथा मूल्यांकन सम्बन्धित कृषि विकास शाखाको अतिरिक्त सम्बन्धित साना सिंचाई अनुदान वितरण समितिवाट गरिनेछ । यस कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षणका लागि यस कार्यक्रमको अनुगमन तथा भ्रमण खर्च शिर्षक बाट बजेट अपुग भएमा कृषि विकास शाखाबाट छुट्टाईएको बजेटबाट खर्च लेख्न सकिने छ ।

**१३. कृषि विकास शाखाको भूमिका** - कृषि विकास शाखाले सिंचाई कार्यक्रमका प्राविधिक अनुगमन सुपरिवेक्षणको साथै गाउँपालिकालाई विशेष किसिमको प्राविधिक सहयोग आबश्यक परेको अवस्थामा विशेषज्ञ सेवाको लागि सहजिकरण गर्ने छ ।

**१४. व्याख्या** : यस कार्यविधिको व्याख्या ज्वालामूखी गाउँकार्यपालिकाले गर्ने छ ।

**१५. खारेजी र बचाउ** : यस कार्यविधिको खारेजि बचाउ तथा संशोधन गाउँकार्यपालिकाले गर्ने छ ।

## अनुसूची १

## कार्यविधिको दफा ५ को उपदफा २ सँग सम्वन्धित

श्री प्रमुख ज्यू,
कृषि विकास शाखा , ....................................

**विषय : साना सिंचाई का लागि अनुदान पाउँ ।**

महोदय,
हामी निम्नलिखित निवेदन फाराम (क) मा हस्ताक्षर भएका व्यक्तिहरुबाट ज्वालामूखी गा.पा वडा नं. ....... मा अवस्थित .................................................... सिंचाई आयोजनाको लागि साना सिचांई विशेष कार्यक्रमवाट सहयोग पाउँ भनि निम्न उपभोक्ताहरुले आयोजना कार्यान्वयनमा लाग्ने मोटामोटी वजेट र समूहको निर्णयको प्रतिलिपी सहित यो निवेदन गरेका छौं । हामी यस कार्यक्रम अन्तर्गत अपनाउनुपर्ने नीति र कार्यविधहरुका विषयमा जानकार छौं । यसका लागि आवश्यक निवेदन फारामहरु (क), (ख) र (ग) भरी पेश गरेका छौं ।

निवेदक जल उपभोक्ता समिति/कृषक समूहको अध्यक्ष/प्रतिनिधिको नाम :
हस्ताक्षर :
सर्म्पक नं.:
मिति :
संस्थाको छाप :

अनुसूची २

(दफा ८ को उपदफा १ सँग सम्वन्धित)

**निवेदनको ढाँचा**

**(क) सतह सिंचाईको लागि निवेदन साथ संलग्न हुनुपर्ने निवेदन फाराम**

१. उपभोक्ता समूहको नाम :

२. ठेगाना :

३. दस्तखत :

४. सम्पर्क नं. :

५. मिति :

**(ख) सिंचाई आयोजना सम्बन्धी आधारभूत जानकारी**

१. प्रस्तावित आयोजनाको नाम :.......................................................................................

२. प्रस्तावित आयोजनाको किसिम : नयाँ, नविकरण सुधार वा अन्य खुलाउने ...............................

३. प्रस्तावित आयोजनाको ठेगाना : ज्वालामूखी गाउँपालिका वडा नं. ......

४. वर्तमान जल उपभोक्ताहरुको परिवार वा घरधुरी संख्या .........................

५. थप सम्भाव्य परिवार वा घरधुरी संख्या :.........................................

**(ग) समय र स्थान**

१. आयोजना स्थल सम्मको दुरी र समय :.......................................

२. आयोजनाको सिचाईको श्रोत : ........................................

३. सिचाँई श्रोतको नाम : ..............................................

४. सिंचाई श्रोतको स्वामित्व : निजि, सार्वजनिक वा अन्य खुलाउन : .......................................

५. सिचाँई गर्ने स्थान वा गाउँको नाम :

६. प्रस्तावित आयोजनाबाट लाभान्वित घर धुरी............ . जनसंख्या .........................

७. जग्गाको क्षेत्रफल ...........................................

८. जग्गा धनीको नाम .............................................

९. परिवारमा सदस्य संख्या : महिला.................... पुरुष...................

**(घ) पुरानो सिंचाई आयोजना भए सोको पृष्ठभूमि**

| सि. नं. | आयोजनाको नाम | गरी सकेको कार्य वर्ष | रकमको श्रोत | रकम रु. | कार्यक्रमको नाम | कार्यान्वयन विधि | हालको स्थिति |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**(ङ) पानीको श्रोत**

| सि. नं. | श्रोतको नाम | किसिम | औसत जल प्रवाह लिटर/मिनेट |
|---|---|---|---|
| | | | |
| | | | |

**अनुसूची ३**

**दफा ८ उपदफा १ सँग सम्वन्धित**

**सम्झौता पत्र**

१.लागत अनुमानको ७५%रकम गाउँपालिकाबाट उपलब्ध गराउने र २५%**किसानहरुले व्यहोर्नु पर्ने छ ।**

१. यो सम्झौता पत्र सहकारी संस्था/जल उपभोक्ता संस्था/कृषक समूह र कृषि विकास शाखा बीच साना सिंचाई योजना कार्यान्वयन प्रयोजनको लागि प्रयोग गरिनेछ ।

२. यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ हुनेछ ।

३.उपभोक्ता समहूहरुले सम्झौता भएको मितिले ७ दिन भित्र कार्य शुरु गर्नुपर्नेछ ।

४. यस साना सिंचाई योजनाको निर्माण कार्य उपभोक्ता समूह आफैले गर्नुपर्नेछ । आफैले नगरी दोश्रो व्यक्ति वा संस्थालाई ठेक्कापट्टा दिई गराउन पाइने छैन ।

५ कृषि विकास शाखाले उपभोक्ता समूहलाई इष्टिमेट अनुसारको कार्य सञ्चालन गर्न आयोजनाको प्रकृति अनुसार २ किस्तामा रकम उपलव्ध गराउने छ । पहिलोमा ५० प्रतिशत र कार्य सम्पादन पश्चात अन्तिममा ५० प्रतिशतले उपलव्ध गराउने छ ।

६. प्रथम किस्ता स्वरुप रकम प्राप्त गर्न सम्बन्धित उपभोक्ता समूहले कम्तिमा १५ प्रतिशत सम्मको प्रारम्भिक कार्य पुरा गरेको हुनु पर्नेछ ।

७. किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकवाट कामको मूल्यांकनको आधारमा रकम भुक्तानी गरिनेछ ।

८. उपभोक्ता समूहले यसै योजनाको लागि आफ्नै समूहको श्रोत वाहेक कुनै सरकारी, गैह्र सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा कृषि विकास शाखालाई जानकारी गराउनु पर्नेछ ।

९. उपभोक्ता समूहले काम गर्दा कृषि विकास शाखावाट खटिएका प्राविधिकहरुले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ ।

१० अन्तिम किस्ता भुक्तानी गर्ने सम्बन्धमा सुपरभिजन गरी फाइनल विल तयार गर्ने प्राविधिकवाट कार्य सम्पन्न प्रतिवेदन तयार गरी उपभोक्ता समूहको वैठकवाट निर्णय गराई कृषि विकास शाखामा प्राप्त भएको सात दिन भित्र सम्बन्धित समूहको नाउँमा बैंक चेक मार्फत भुक्तानी दिइनेछ ।

११. यस योजनाको निर्माण कार्य सोही आ.व. भित्र सम्पन्न गर्नु पर्नेछ ।

१२. उपभोक्ता समूहको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानी नाक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी उपभोक्ता समूहको हुनेछ ।

१३. उपभोक्ता समूहले निर्माण कार्यको सार्वजनिक सुनुवाई गराउनुपर्नेछ ।

१४. सम्झौता भएको मिति देखि ९० दिन भित्र यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य (डिजाइन र इष्टिमेट अनुसार) पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ ।

१५. आयोजना सम्पन्न भई हस्तान्तरण भैसकेपछि सो को मर्मत सम्भार सम्बन्धी कार्य सम्बन्धित उपभोक्ता समूहको हुनेछ ।

१६. निर्माण कार्य अथवा यस सम्बन्धी कुनै विवाद आएमा आर्थिक विकास समितिको निर्णय नै अन्तिम मानिनेछ ।

१७. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| **पहिलो पक्ष** | | **दोस्रो पक्ष** |
|---|---|---|
| गाउँपालिकाको तर्फबाट | | उपभोक्ताको तर्फबाट |
| हस्ताक्षर : ........................... | | हस्ताक्षर : ........................... |
| नाम/थर : | नाम : डिलमाया राना मगर | |
| पद : ना.सु. | | पद : |
| मिति : २०७ | | मिति : २०७ |
| साक्षी | | साक्षी |
| हस्ताक्षर : ........................... | | हस्ताक्षर |
| नाम : श्री .................................. | | नाम : ........................... |
| पद : ........................... | | पद : ........................... |

संस्थाको नाम : ...........................

संस्थाको नाम : ...........................